मिति २०८०।९।१९ गते उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशका निमित्त सचिव राजेन्द्र कुमार बासुकला ज्यू को अध्यक्षतामा बसेको शिघ्र पुर्नलाभ विषयगत क्षेत्रको बैठक निर्णय ।

निर्णय १.

दोस्रो बैठकमा भएका निर्णयहरु उपर भएका प्रगती सम्बन्धमा छलफल गरी Western Nepal Earthquake विषयगत क्षेत्रहरुमा कार्यरत संस्थाहरुको तर्फबाट Joint Recovery Plan लाई United Nations Resident's Coordination Office (UNRCO) and office for the Coordination of Humanitarian Affairs (OCHA) मा पेश गरेको सम्बन्धमा जानकारी तथा छलफल गरियो ।

निर्णय २.

जाजरकोट भुकम्पको प्रतिकार्य अन्तर्गत शिघ्र पुनर्लाभ (Early Recovery) को सन्दर्भमा विषयगत क्षेत्र (Cluster Members) मा आबद्ध संघसंस्थाबाट हालसम्म भएका विभिन्न क्रियाकलापहरुलाई 5 W format मा (*यसैसाथ संलग्न गरिएको*) भरी आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेशको विपद् सम्पर्क व्यक्ति मार्फत सोही मन्त्रालयमा कार्यरत तथ्याँक संकलकलाई पठाउने र शिघ्र पुनर्लाभ (Early Recovery) नेतृत्वदायी निकायलाई समेत जानकारी गराउने।

निर्णय ३.

भुकम्प प्रभावित परिवारका लागि पुन: निर्माण, पुन: स्थापना तथा अस्थायी आवासको लागि आवश्यक पर्ने वन पैदावार (काठ) सहुलियत रुपमा उपलब्ध गराउने सम्बन्धीको मापदण्ड तयार पार्नको लागि श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश तथा प्रदेश वन निर्देशनालयलाई अनुरोध गर्ने ।

नि. सचिव